


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५२०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ फागुन ३ गते सोमबार ❑ 15 Feb. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## विकास र समृद्धिका लागि निर्वाचन : उपप्रधानमन्त्री

**पोखरापत्र संवाददाता**
**पोखरा, २ फागुन**

उपप्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टी(नेकपा) सचिवालय सदस्य ईश्वर पोखरेलले मुलुकको आर्थिक विकास र समृद्धिका लागि ताजा निर्वाचनमा जानुको विकल्प नरहेको बताएका छन्।

प्रेस सङ्गठन नेपाल, गण्डकी प्रदेशस्तरीय भेलाको आइतबार पोखरामा उद्घाटन गर्दै उहाँले राजनैतिक स्थायित्व र समृद्धिको अभियानलाई पूरा गर्न ताजा जनादेशमा जान खोजिएको स्पष्ट पारे । प्रतिनिधिसभा विघटन रहर नभई बाध्यता भएको उल्लेख गर्दै निर्वाचनलाई सफल पार्न सबैको साथ र सहयोग अपरिहार्य हुनेमा उहाँको जोड थियो ।मुलुकको समृद्धि र राजनैतिक स्थिरताका लागि पार्टीको एकीकरण भएको चर्चा गर्दै पोखरेलले पार्टीभित्र देखिएको पदोलोलुपता र सत्तालिप्साको कारण लक्षित योजनाले साकार पाउन नसकेको धारणा राखे । पत्रकार पेशागत दक्षताको विकाससँगै विचारमा जिम्मेवारी हुनुपर्नेमा जोड दिँदै उनले सरकारले तीनवर्षे कार्यकालमा गरेका उपलब्धिलाई जनता समक्ष पुऱ्याउन मिडियाले भूमिका




खेल्नुपर्ने बताए । प्रधानमन्त्री तथा पार्टी अध्यक्ष केपी शर्मा ओली नेतृत्वमै नेकपा आधिकारिक पार्टी भएको कारण सूर्य चिन्ह पनि बाहिर नजाने बताउँदै उनले मुलुकको स्थायित्वका लागि निर्वाचनमा जुट्न सबैलाई आग्रह गरे।

सरकारले जनतालाई स्वास्थ्यमा पहुँच पुऱ्याउने लक्ष्यका साथ मुलुकको इतिहासमै पहिलो पटक एकै दिनमा ३०९ वटा अस्पतालको शिलान्यास गरेको बताउँदै उनले अस्पतालको भौतिक संरचना निर्माणका लागि रु ५६ अर्ब विनियोजन गरेको जानकारी दिए । गण्डकी प्रदेश आर्थिक मामिला तथा योजनामन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी(नेकपा) स्थायी समिति सदस्य किरण गुरुङले जनाधार बलियो भएको पार्टीमा बासको सुल्लो उकिएको एउटा टुक्राले पार्टीलाई कुनै असर नपर्ने बताए । पूर्वमन्त्री तथा नेकपा केन्द्रीय सदस्य एवं गण्डकी प्रदेश सहईञ्चार्ज खगराज अधिकारीले लोकतन्त्रमा निर्वाचन सर्वोत्तम विधि भएको बताउँदै देशव्यापी पार्टीले गरेको जनप्रदर्शन निर्वाचनको तयारीका लागि भएको स्पष्ट पारे । पूर्वमन्त्री तथा पार्टी केन्द्रीय सदस्य जगत विश्वकर्माले पार्टीको आन्तरिक जीवनमा घटेको घटनाले राष्ट्रिय स्वाधिनता र अधूरो समृद्धिको यात्रालाई पूरा गर्न निर्वाचनमा जानुको विकल्प नभएको बताए । न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष राजेन्द्र अर्यालले श्रमजीवी पत्रकारहरुको छाता संगठन पत्रकार महासङ्घले पार्टी र व्यक्तिको नभई श्रमजीवी पत्रकारको हितमा काम गर्नुपर्ने बताए । नेपाल पत्रकार महासङ्घका पूर्वकेन्द्रीय अध्यक्ष अध्यक्ष डा महेन्द्र विष्टले पत्रकारले व्यावसायिक मर्यादा पालना गर्दै जनताको अधिकारको सुनिश्चितता एवं लोकतन्त्रको रक्षातर्फ लाग्नुपर्ने बताए।

प्रेस सङ्गठन नेपालका केन्द्रीय अध्यक्ष गणेश बस्नेतले सङ्गठनलाई सुदृढ र सङ्गठितरुपमा अघि बढाउन सबैको सहयोग आवश्यक रहने बताउँदै विगतमा नखुलेका प्रेस सङ्गठन सम्वद्ध सदस्य पछिल्ला दिनमा मूलधारतर्फ आकर्षित भएको जानकारी दिए । कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य एवं सङ्गठनका इञ्चार्ज राजेन्द्र गौतम, प्रेस स्वतन्त्रता सेनानी माधव शर्मा, प्रेस काउन्सिलका सदस्य दुर्गा भण्डारी, न्यूनतम पारिश्रमिक निर्धारण समितिका पूर्वअध्यक्ष गङ्गाधर पराजुली, नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य रामकृष्ण ज्ञवाली, सङ्गठनका नेताहरु गणेश पाण्डे, शान्ति गुरुङ, दुर्गा शर्मा, पत्रकार उजिर मगर, रामकृष्ण शर्मालगायतले मुलुकको वर्तमान अवस्था र पत्रकारिता क्षेत्रको भूमिका माथि चर्चा गरेका थिए।

## फेवातालमा थुप्रिएको गेग्रान झिक्न समिति

**पोखरापत्र संवाददाता**
**पोखरा, २ फागुन**

गण्डकी प्रदेश सरकारले फेवातालमा थुप्रिएको गेग्रान झिक्न समिति गठन गरेको छ।

चार दशकअघि निर्माण गरिएको बाँधको मर्मत गर्न तालको पानी सुकाइएपछि देखिएको गेग्रान निकाल्न समिति गठन गरिएको हो । उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री विकास लम्सालको अध्यक्षतामा आज बसेको बैठकले मन्त्रालयका जैविक विविधता महाशाखा प्रमुख रामकाजी श्रेष्ठको संयोजकत्वमा सात सदस्यीय समिति गठन गरेको हो । फेवातालमा थुप्रियको माटो, ढुङ्गा, गिट्टी, बालुवालगायत वन पैदावार तथा नदीजन्य वस्तुसहित विभिन्न फोहरमैला व्यवस्थापन गरी तालको गहिराइ वृद्धि गर्ने उद्देश्यले समिति निर्माण गरिएको मन्त्री लम्सालले जानकारी दिए । समितिमा ताल प्राधिकरण गण्डकी प्रदेशका निर्देशक डा अनुप गुरुङ, पोखरा महानगरपालिका सहरी योजना आयोगका सदस्य सरोज कोइराला, डिभिजन वन कार्यालय कास्की प्रमुख केदार बराल, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय कास्की प्रमुख इञ्जिनीयर किरण आचार्य, बृहत जलाधार व्यवस्थापन केन्द्र गण्डकी प्रमुख रामसिंह थापा, जलाधार व्यवस्थापन कार्यालय तनहुँ प्रमुख कृष्णप्रसाद घिमिरे सदस्य रहेका छन् । तालका विभिन्न क्षेत्रमा थुप्रिएका गेग्रान निकाल्न बैठकले विभिन्न कार्यालयलाई कार्यक्षेत्र तोकेको छ। तोकिएको कार्य क्षेत्रअनुसार बाँधदेखि फिर्केखोलासम्म जलस्रोततथासिँचाइडिभिजनकार्यालय कास्की, फिर्केखोलादेखि कोमागाने पार्कसम्म पोखरा महानगरपालिका र ताल संरक्षण तथा विकास प्राधिकरण, बाराहीघाटदेखि खहरे क्षेत्रको अन्तिम विन्दु (गैराको चौतारा) सम्मताल संरक्षण तथा विकास प्राधिकरण पोखरा र भू तथा जलाधार व्यवस्थापन कार्यालयलाई काम गर्ने जिम्मेवारी तोकिएको छ।

## खेलकुदको लगानी उत्पादनशिल क्षेत्र नै भएको शिलवालको दाबी

**पोखरापत्र संवाददाता**
**पोखरा, २ फागुन**

राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव रमेश कुमार शिलवालले खेलकुदको लगानी उत्पादनशिल क्षेत्र नै भएको दाबी गरेका छन्।

राष्ट्रिय खेलकुद परिषदको आयोजनामा पोखरामा आइतबार देखि सुरु भएको दुई दिने खेलकुद अभिमुखिकरण कार्यक्रमको उद्घाटन गर्दै सदस्य सचिव शिलवालले खेलकुदको लगानी उत्पादनशिल क्षेत्रमा जस्तै भएको दाबी गरेका हुन् । उनले भने "खेलकुदको लगानी वालुवामा पानी हालेसरी हो भन्नु गलत सोच हो, कोरोनाले गर्दा देशमा २ हजार करिब ४० जनाको ज्यान गएकोमा के यसमा खेलाडीको ज्यान गएको छ, खेलाडीहरुमा केही न केही रोगसंग लड्न सक्ने क्षमता बढी हुने छ ।" खेलकुद क्षेत्रको स्तर बृद्धिको लागि परिषदले ७ वटै प्रदेशका जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख, कर्मचारी, प्रशिक्षक, खेल संघ र खेलाडीहरुलाई प्रादेशिक रुपमा उक्त अभिमुखिकरण तालिम संचालन गरिएको उनले जनाए । कुनै पनि प्रदेशले राम्रो नतिजा ल्याउने हो भने उनीहरुलाई विभागियमा जान रोक्नबाट विभागियले दिएको सेवा सुविधा भन्दा एक रुपैया बढी दियर राख्न प्रदेशका खेल सम्बद्ध संघ संस्थालाई सदस्य सचिव शिलवालले आग्रह गरे।

टाइगर कप भलिवलमा पुरुष तर्फ गण्डकी प्रदेशले विभिन्न क्षेत्रबाट बटुलेर पनि उपाधि जितेकोले राम्रा खेलाडीहरुको प्रदेशमै राखेर उनीहरुको व्यबस्थापन गर्नु पर्ने उनको भनाई थियो। युवा तथा खेलकुद मन्त्रालयका सहसचिव भक्त बहादुर ढकालले कोरोनाले प्रभावित भएको खेल क्षेत्र पुनः लयमा फर्किन लागेको बताए। संघीय मोडल अनुसार खेलकुद एन ल्याउनको लागि हाल केही दफाको संसोधन र नियमावली आवश्यक भएको उनले बताए। राखेपका सदस्य राजेश कुमार गुरुङले खेलकुदमा आफुले केही नगर्ने तर अर्कोको आलोचना गर्नुले कसैलाई फाइदा नपुग्ने बताए । अर्को बर्ष हुने नवौं खेलकुद पोखरामा धेरै खेलहरु संचालन हुने गरी अब तयारीमा जुट्नु पर्ने समय आएको उनको भनाई थियो। राखेप सदस्य सम्पन्न श्रेष्ठले खेलकुद नयाँ टेक्नोलोजि अनुसार अघि बढ्नु पर्नेमा धुवा धुलोमा रुमलिएको जिकिर गरे। उक्त कार्यक्रममा गण्डकी प्रदेशका जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख, कर्मचारी, खेल संघ, खेलाडी एवं प्रशिक्षक तथा खेल पत्रकारहरुको सहभागि रहेको जिल्ला खेलकुद विकास समिति कास्कीका कार्यालय प्रमुख प्रकाश बरालले बताए।

## पदकधारी खेलाडीद्वारा सहारा एकेडेमीको अवलोकन

**पोखरापत्र संवाददाता**
**पोखरा, २ फागुन**

दक्षिण एसियाली खेलकुद(साग)मा पदक प्राप्त खेलाडीहरुको एक टोलीले सहारा एकेडेमीको अवलोकन गरेको छ।

पदकधारी खेलाडी दीपक विष्ट, दीपक श्रेष्ठ, र मण्डेकाजी मर्हजन सहितको एक टोलीले आइतबार सहारा एकेडेमीमै पुगेर एकेडेमीको अबस्था बारे जानकारी लिएको सहारा क्लबले जनाएको छ । सहारा क्लवका अध्यक्ष केशव बहादुर थापा, पूर्व अध्यक्ष विक्रम थकाली, विरभद्र आचार्य लगायतको टोलीले एकेडेमीमा उक्त टोलीलाई खादा लगायर स्वागत गरेको थियो । कार्यक्रममा बोल्दै पदकधारी खेलाडी विष्टले धेरै पटक एकेडेमीमा आउने प्रयास गर्दा बल्ल अवसर मिलेको बताउदै उत्त क्लवले आफुहरुले अपेक्षा भन्दा धेरै राम्रो ढंगले व्याबस्थापन गर्दै आएको बताए । पदकधारी अर्का खेलाडी श्रेष्ठले उत्त एकेडेमीमा सरकारको समेत सहयोग आवश्यक भएकोले यसमा सवैले पहल गर्नु पर्ने बताए।

साथै उत्त टोलीमा डि.पि.एल.एकेडेमीका संस्थापक सदस्य हर्क वोहरा, केल्मे नेपालका निर्देशक प्रदिप न्यौपाने, खेल पत्रकार पवन आचार्य, प्रकाश तिमिल्सिना लगायतको समेत उपस्थिती रहेको थियो । सहारा एकेडेमीमा १४ जिल्लाका २४ जना वालकहरु रहेका छन्।

यसैबिच, यस बर्ष १९ औं संस्करणको आहा ! रारा गोल्ड कप फुटबल प्रतियोगिता पोखरामा आउँदो चैत १७ गते २८ गतेसम्म हुने तयारी सुरु भएको छ । उक्त प्रतियोगिताको बचत रकमले सहारा क्लवले एकेडेमीमा खर्चिंदै आएको छ।

## तेह्र बुँदे प्रस्ताव पारित

**पोखरापत्र संवाददाता**
**पोखरा, २ फागुन**

प्रेस सङ्गठन नेपाल गण्डकी प्रदेशको प्रदेशस्तरीय भेलालेसञ्चार क्षेत्रसँग सम्बन्धित र समसामयिक १३ बुँदे प्रस्ताव पारित गरेको छ। समृद्ध नेपाल निर्माणका लागि 'पूर्ण प्रेस स्वतन्त्रतासहितको सबल श्रमजीवी पत्रकार, स्थिरता विकास र राष्ट्रिय स्वाधीनताको रक्षा प्रेस सङ्गठनको आधार' भन्ने नाराका साथ

पारित प्रस्तावमा संवैधानिक सर्वोच्चतालाई आत्मसात् गर्दै तोकिएको समयमा निर्वाचन गर्ने वातावरण सृजना गर्न आग्रह गरिएको छ भने निर्वाचनमा जाने घोषणा सर्वोत्तम लोकतान्त्रिक विधि भएको ठहर गरिएको छ। भेलाले श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका लागि भूमिका खेल्न सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छ। अभिव्यक्ति स्वतन्त्रताका नाममा हुने कुनै पनि अभद्र, अश्लील गालीगलौजलाई निरुत्साहित गरेर प्रेस स्वतन्त्रताको पक्षमा उभिन, विभिन्न बहानामा सञ्चार संस्थाहरुले श्रमजीवी पत्रकारको पारिश्रमिक रोक्ने निष्कासन गर्ने, जागिर छाड्न बाध्य पार्ने सञ्चार संस्थालाई न्यूनतम पारिश्रमिक ऐनअनुसार व्यवस्थापन गर्दै रोकिएको पारिश्रमिक तत्काल दिन सम्बन्धित सञ्चार संस्थासँग माग गरिएको छ भने सञ्चारमाध्यमलाई समावेशी र लैङ्गिकमैत्री बनाउन भनिएको छ । प्रदेश संयोजक सुस्मा पौडेलको संयोजकत्वमा सम्पन्न भेलाले कोरोना सङ्क्रमणका कारण मृत्यु हुने श्रमजीवी पत्रकारहरुको कोरोना बीमा रकम दिन सम्बन्धित पक्षलाई आग्रह गरिएको छ। पत्रकारिता पेशालाई मर्यादित, जवाफदेही र आकर्षणयुक्त बनाउन आचारसंहिताको पूर्ण पालना गर्दै क्षमता अभिवृद्धि हुने खालका कार्यक्रम सञ्चालनका लागि सम्बन्धित पक्षलाई आग्रह गर्दै विकसित राजनीतिक परिस्थितिअनुसार सङ्गठनलाई प्रदेशमा र जिल्ला तहमा क्रियाशील र गुणस्तरीय बनाउन भेलाले सङ्कल्प गरेको छ।

## गण्डकी प्रदेश प्रमुखलाई वित्त आयोगको दोस्रो वार्षिक प्रतिवेदन हस्तान्तरण

**पोखरापत्र संवाददाता**
**पोखरा, २ फागुन**

गण्डकी प्रदेश प्रमुख अमिक शेरचनलाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको दोस्रो वार्षिक प्रतिवेदन हस्तान्तरण गरिएको छ।

आइतबार आयोजित एक कार्यक्रमका बीच प्रदेश प्रमुख शेरचनलाई आयोगका सदस्य जुद्धबहादुर गुरुङले प्रतिवेदनबारे जानकारीसहित हस्तान्तरण गरेका हुन् । प्रतिवेदन ग्रहण गर्दै प्रदेश प्रमुख शेरचनले गण्डकी प्रदेश प्राकृतिक स्रोतसाधनले भरिपूर्ण भएपनि प्रयोगमा ल्याउन नसकिएको बताए।

प्राकृतिक स्रोतसाधनको उत्खनन तथा प्रयोगमा प्रदेश सरकारले चासो दिनुपर्ने बताउँदै उनले प्राकृतिक स्रोतसाधन प्रयोगमा ल्याउन सकिए रोजगारी



सिर्जना हुने उल्लेख गरे।

प्रतिवेदन बुझाउँदै आयोगका सदस्य गुरुङले गण्डकी प्रदेशभित्र रहेका प्राकृतिक स्रोतसाधनको पहिचानमा आयोगले विशेष ध्यान दिएको बताए। संवैधानिक व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहमा वित्त हस्तान्तरण तथा प्राकृतिक स्रोतसाधन बाँडफाँडमा आयोग अघि बढेको भन्दै उनले आयोगले आफ्नो क्षेत्राधिकारभित्र रहेर काम गरिरहेको जानकारी दिए । प्रतिवेदन हस्तान्तरणका अवसरमा प्रदेश प्रमुखको कार्यालय, गण्डकी प्रदेशका सचिव हरिप्रसाद बाँस्तोलाले समेत बोलेका थिए।



# पर्यटन व्यवसायी महिलालाई डिजिटल मार्केटिङ तालीम

**पोखरापत्र संवाददाता**
**पोखरा, २ फागुन**

पर्यटन क्षेत्रलाई प्रविधिमैत्री बनाउनका लागि पर्यटन व्यवसायी महिलालाई डिजिटल अनलाइनसम्बन्धी तालीम प्रदान गरिएको छ।

पर्यटन व्यवसायी महिला संघ (टेवान)को आयोजना तथा नेपाल पर्यटन बोर्ड गण्डकीको प्रवर्द्धनमा सङ्घ आवद्ध सदस्यलाई प्रविधिको सही प्रयोगबाट व्यवसायलाई कसरी अगाडि बढाउन सकिन्छ भन्ने विषयमा प्रशिक्षण दिइएको थियो । तालीमको उद्घाटन सत्रमा पोखरा महानगरपालिका -६ का वडाध्यक्ष जगत पहारीले पर्यटन क्षेत्रमा व्यवसायी महिलाको योगदानको महत्वपूर्ण रहेको उल्लेख गरे । उनले विभिन्न जिम्मेवारी तथा भूमिकालाई व्यवस्थापन गर्ने कला महिलामा रहेको बताउँदै डिजिटल मार्केटिङ सम्बन्धी तालीमले थप ज्ञान हासिल गराउने विश्वास व्यक्त गरे।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख काशीराज भण्डारीले समयको माग अनुसार प्रविधिको विकासमा ध्यान दिएर अघि बढ्नुपर्नेमा जोड दिए । पछिल्लो समय अधिकांश पाहुनाले सोसल साइटको प्रयोग गर्ने भएकाले व्यवसायीले पनि यस सोसल साइटका माध्यमबाट व्यवसायको प्रवर्द्धनमा जोड दिनुपर्ने उनको भनाइ थियो।

पोखरा पर्यटन परिषदका महासचिव रामचन्द्र शर्माले पर्यटन फराकिलो क्षेत्र भएकाले यसमा आवद्ध व्यवसायीमा प्रविधिको ज्ञान हुन जरुरी रहेको बताए। उनले समयअनुसारको हरेक क्षेत्रका अब्बल राख्दै आफ्नो व्यवसायलाई प्रवर्द्धन गर्नुपर्ने उनको भनाइ थियो। संघका संस्थापक अध्यक्ष लक्की कार्कीले ज्ञान र सीप हुने हो भने महिला हरेक क्षेत्रमा प्रतिस्पर्धा गर्न सफल हुने धारणा राखिन। उनले अरुमा निर्भर नभइ आफै सवल हुने सके महिलामाथि हुने हिंसा पनि कम हुने विश्वास व्यक्त गरिन । संघका कार्यबाहक अध्यक्ष कमला गिरीले व्यावसायिक सफलता हासिल गर्नका लागि महिलाको दक्षता तथा क्षमता अभिवृद्धि आवश्यक रहेकाले तालीमको आयोजना गरिएको बताइन। दुई दिने सो तालीममा प्रशिक्षक उज्जल पौडेले डिजिटल मार्केटिङका फाइदा र यसको प्रयोगको बारेमा प्रशिक्षण दिनुभएको महासचिव शोभा पाण्डेले जानकारी दिइन।

कार्यक्रमका संयोजक अनिता खड्काले संस्थाका गतिविधि र तालीमको उद्देश्यमाथि प्रकाश पारेकी थिइन। खड्काका अनुसार कार्यक्रममा ७० महिलाको सहभागिता रहेको थियो।

# प्रेस स्वतन्त्रता सेनानी शर्मा पुरस्कृत

**पोखरापत्र संवाददाता**
**पोखरा, २ फागुन**



नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेश समितिको दोस्रो साधारणसभा तथा अधिवेशनका अवसरमा प्रेस स्वतन्त्रता सेनानी माधव शर्मा सम्मानित भएका छन्।

शर्मालाई गण्डकी प्रदेशका सभामुख नेत्रनाथ अधिकारीले रुद्रबहादुर भट्टराई स्मृति पत्रकारिता पुरस्कार २०७७ बाट रु ५१ हजारसहित पुरस्कृत गरे। कार्यक्रममा सभामुख अधिकारीले पत्रकार जगत्ले सत्य र सही सूचना सम्प्रेषण गरेर समाज रुपान्तरण गर्नुपर्ने बताए। उनले पछिल्लो समयमा सत्य र तथ्य तोडफोड गरेर अफवाह फैलाउने काम भइरहेको जनाउँदै पत्रकारले सत्य समाचारमा जोड दिएर गालीगलोजको पत्रकारिता त्याग्नुपर्ने बताए। सम्मानित पत्रकार शर्माले पत्रकारिता क्षेत्रमा ५० वर्ष बिताएको अनुभव सुनाउँदै सम्मानले थप जिम्मेवारी बोध गरेको बताए । प्रेस काउन्सिलका सदस्य दुर्गा भण्डारीले पत्रकारले आचारसंहिता पालन गर्नुपर्ने बताउँदै कोही कसैको व्यक्तिगत चरित्र हत्या गर्ने र जनतालाई दिग्भ्रमित गर्ने समाचार सम्प्रेषण गर्न नहुने धारणा राखे । पत्रकार महासङ्घका केन्द्रीय उपाध्यक्ष बिपुल पोखेलले पेशागत मर्यादामा सबै पत्रकार बस्नुपर्ने बताए। पुरस्कार अक्षयकोषका संरक्षक गोपी भट्टराईले समाज रुपान्तरणमा भूमिका खेल्ने पत्रकार जगत्प्रति केही गर्ने चाहना बुबाको रहेकाले उनको चाहनानुसार अक्षयकोष स्थापना गरिएको जानकारी दिए।

# हस्तकला र पर्यटनमासँगै काम गर्न पोखरा र ललितपुर उवा संघ सहमत

**पोखरापत्र संवाददाता**
**पोखरा, २ फागुन**

पोखरा र ललितपुर उद्योग वाणिज्य संघ हस्तकला तथा पर्यटन क्षेत्रमा सहकार्यको लागि सहमत भएका छन्।

पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष नारायण कोइराला र ललितपुर उद्योग वाणिज्य संघका अध्यक्ष मनोजबहादुर न्याछ्योंबीच आइतबार पोखरामा भएको द्विपक्षीय भेटघाटमा सो सहमति जुटेको हो । सो भेटघाटमा बोल्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष नारायण कोइरालाले कोभिड-१९ ले साना, घरेलु तथा हस्तकला उद्योगलाई ठूलो क्षति पुऱ्याएको चर्चा गर्दै यो क्षेत्रलाई माथि उकास्न राज्यको सहयोग अपरिहार्य भएको बताए । 'कोभिड-१९ले उद्योग/व्यवसायमा ठूलो क्षति पुगेको छ, राज्यबाट घोषित सुविधा पनि हामीले पाएका छैनौँ', अध्यक्ष कोइरालाले भने, 'पर्यटन क्षेत्रमा परेको असरले अन्य क्षेत्र लामो समय प्रभावित हुने देखिएको छ।' उनले पर्यटकीय सहर पोखरामा हस्तकलाका सामानको ठूलो बजार रहेको उल्लेख गर्दै सो बजारमा नेपाली उत्पादनको बिक्री बढाउन संघले सहयोग गर्ने बताए। उनले ललितपुरको हस्तकलालाई पोखरामा बिक्री गर्न र ललितपुरले पोखराको पर्यटनबाट आतिथ्यकला सिक्नुपर्नेमा जोड दिए।

प्रतिउत्तरमा बोल्दै ललितपुर उवा संघका अध्यक्ष न्याछ्योंले ललितपुरले आफ्नै ब्राण्डका हस्तकलाको उत्पादन गर्न खोजेको जानकारी दिँदै हस्तकलाको सीप पोखरालाई सिकाउन तयार भएको बताए। उनले पोखराको पर्यटन उद्योगबाट आतिथ्यता सिक्न पनि आफूहरु इच्छुक रहेको बताए।

'निजी क्षेत्रले एकअर्कालाई सघाउने हो, हामी सहकार्यको लागि तयार छौँ', उनले भने,'पोखरामा हस्तकलाका सामान उत्पादन भयो भने त्यसको फाइदा ललितपुर र सिंगो देशले पाउँछ।' पोखरा उद्योग वाणिज्य संघका कार्यकारी निर्देशक टोपबहादुर थापाले यसअघि ललितपुर उद्योग वाणिज्य संघसँगको सहकार्यमा हस्तकलाको क्षेत्रमा काम गरेको स्मरण गर्दै सहकार्यले नै समृद्धि प्राप्त हुने बताए।

# माटो निकालेर फेवातालको आयु लम्ब्याइने

**–जमुनावर्षा शर्मा**
**पोखरा, २ फागुन (रासस)**



पोखराको फेवातालको बाँध ४२ वर्षपछि मर्मतसम्भार हुँदैछ । यसका लागि जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले तालको पानीको सतह घटाएको छ। पानीको सतह घटेपछि फेवाताल किनारमा थुप्रिएको माटोलाई यही समयमा निकालेर तालको आयु बढाउनुपर्ने विषय सम्पदा संरक्षणकर्मी, स्थानीय एवं पर्यटन व्यवसायीको चासो र चर्चामा छ।

तालको सिरान क्षेत्रबाट बगेर आएको ढुङ्गा माटो ९ग्रेगान०कारण तालको आयु घट्दै गएको जनाउँदै यसअघि पनि समयसमयमा माटो निकाल्नुपर्छ भन्ने विषयमा कुरा उठ्दै आइरहेको थियो । सम्पदा संरक्षण अधिकारकर्मी रामबहादुर पौडेलले तालको पानी घटाइएकाले थुप्रिएका माटो निकाल्न उपयुक्त समय भएको बताउनुहुन्छ । 'फेवाताल पोखराको गहना हो, तालको आयुलाई बढाउन यसरी थुप्रिएको माटोलाई समयमै निकालेर फाल्नुपर्छ', उहाँले भन्नुभयो।

उहाँले यस विषयसम्बन्धी निकायको ध्यानाकर्षण गरेर नागरि कस्तरबाट पनि माटो फाल्नका लागि पहल गरिने उहाँले जानकारी दिनुभयो । पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले पनि तालको सौन्दर्यअभिवृद्धि लागि अहिले तालमा बगेर आएको माटोलाई फाल्नुपर्ने धारणा राख्नहुन्छ। 'अहिले सही समय हो जनस्तरबाट पनि माटो फाल्नुपर्छ भन्ने कुरा आएको छ, हामी पनि त्यस कुरामा साथ दिन तयार छौँ', उहाँले भन्नुभयो । उहाँले अहिले फेवाताल वरिपरि रहेको फोहर मैला व्यवस्थापन गर्ने, फेवातालभित्र रहेको मलिलो माटो झिकेर सही सदुपयोग गर्ने र ताललाई फराकिलो बनाएर थप सौन्दर्यकरण गर्न पोखरा महानगरपालिकालाई समन्वयनका लागि आग्रहसमेत गरिएको बताउनुभयो।

पोखरा महानगपालिका प्रमुख मानबहादुर जिसीले फेवातालको माटो निकाल्ने विषयमा विज्ञको रायसुझाव लिएर मात्र निर्णय गरिने जानकारी दिनुभयो। 'अहिले बाँध निर्माणका लागि फेवातालको पानी घटाइएको छ, सिरानबाट आएका ग्रेगानले तालको लगभग नौ मिटर पुरिसकेको अवस्था रहेकाले यसलाई निकै चासोका रुपमा महानगरले लिएको छ', उहाँले भन्नुभयो। उहाँले तालको माटोलाई कसरी निकाल्न सकिन्छ र कहाँ व्यवस्थापन गर्न सकिन्छ भन्ने बारे पहिला सरोकारवाला विज्ञसँग परामर्श गरेर अघि बढ्ने बताउनुभयो । 'फेवातालले लामो समयदेखि आफ्नो आकार बनाएको छ, माटो फाल्दा ताल सुक्ने पो हो कि रु माटो अध्ययन नगरी डोजर लगाउन भएन, माटो फाल्दा पोखरी सुकेका धेरै उदाहरण छ', उहाँले थप्नुभयो, 'यो बेलामा माटो झिक्न कति बजेट लाग्छ, कहाँ व्यवस्थापन गर्ने, सबै अध्ययन र योजना बनाएर मात्र काम थालनी हुन्छ।' बाँध बनाउन डेढ दुई महिना लाग्ने भएकाले तत्काल फालिहाल्नु पर्छ भनेर दबाबले मात्र नभई ग्रेगान निकाल्दा जलचर र ताललाई कम असर हुने उपायको खोजीबाट अघि बढ्ने उहाँले जानकारी दिनुभयो । तालको आयु दिनप्रति घटिरहेको अवस्थामा तालको आयु बढाउन सरोकारवालासँग छलफल गरिने उहाँको भनाइ छ।

ताल संरक्षण तथा प्राधिकरणका प्रमुख अनुप गुरुङले तालको फोहर व्यवस्थापन र तालमा थुप्रिएको माटो निकाल्न अहिले उपयुक्त समय रहेको बताउनुभयो । 'अहिले सही समय देखिएको छ, यसबारेमा महानगरले विज्ञको राय सल्लाह लिएर अघि बढ्दा राम्रो हुन्छ । महानगसँग समन्वय गरेर सुकिसकेको माटो निकाल्न मिल्छ', उहाँले भन्नुभयो। महानगरबाटै यसको अगुवाइ गर्नुपर्ने उहाँको भनाइ छ।

वन विज्ञान अध्ययन संस्थानका पोखराका प्राध्यापक राजन सुवेदी यतिबेला ताल छेउमा देखिएका फोहर र थुप्रिएको माटो निकाल्न सहज हुने बताउनुहुन्छ । उहाँले पानीको सतह घटाउँदा जलचरलाई एक किसिमको असर परिसकेको र अब माटो निकाल्दा कम क्षति हुने तरिकाबाट निकाल्न सकिने बताउनुभयो । 'अहिले नै जलचरलाई असर त परिसकेको छ, अब वरिपरिको फोहर व्यवस्थापन र माटो निकाल्दा कम क्षति हुने गरेर सफा गर्न सकिन्छ', जलाधार विज्ञ उहाँले भन्नुभयो। उहाँले थुप्रिएको माटोको गहिराइसम्म नभई केही माथिबाट माटो निकाल्दा धेरै असर नपर्ने बताउनुभयो । 'क्ले सोइल भयो भन पानी रहन्छ नत्र बलौटे माटोले पानी सोस्छ, फेवातालको भू-बनोट हेर्दा धेरै पहिले देखिको माटो थिग्रिएको छ अहिले दुई/चार मिटर मात्रै निकाल्न सके पनि तालको आयु बढाउन सकिन्छ।' उहाँले भन्नुभयो।

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बाले भावनामा बगेरभन्दा पनि तथ्यको विश्लेषण गरेर काम गर्नुपर्ने बताउनुहुन्छ । 'सिमसार र तालको एकल अधिकार सङ्घलाई छ, प्रदेशको गहनाका रुपमा रहेको तालको सौन्दर्यअभिवृद्धिका विषयमा धेरै कुरा उठेका छन् । हामीले हाम्रो क्षेत्राधिकारभित्रको सिमाङ्कनका विषयलाई तीव्ररुपमा काम गरेका छौँ यसै वर्ष यो टुङ्गो लाग्छ, अब यसको संरक्षण व्यवस्थापन स्थानीय तहको हो, समन्वय गरेरर ठोस धारणासहित अघि बढ्न सकिन्छ', उहाँले भन्नुभयो। उहाँले प्राकृतिक सम्पदाको संरक्षण र सौन्दर्यीकरणका लागि विज्ञको राय सुझाव र दीर्घकालीन हितका लागि काम गर्नुपर्ने भएकाले लहडको भरमा नभई विज्ञको सल्लाह लिएर अघि बढ्नुपर्ने बताउनुभयो।

विसं २०१८ मा बाँधिएको ताल फुटेपछि पुनः २०३५ सालमा नयाँ बाँध बाँधिएको थियो। शुरुको ४६ फिट अग्लो बाँध भारतीय सहयोग मिसनले र पछि संयुक्त राष्ट्रसङ्घको सहयोगमा पुनःनिमाण गरिएको थियो। त्यसयता लामो समयसम्म बाँध मर्मतसम्भार हुन नसक्दा जीर्ण हुँदै गएको थियो । उक्त बाँधमा अहिले रबर शिल्ड र लञ्चिङ एप्रोन राखेर मर्मत कार्य हुँदैछ । बाँध मर्मतका लागि हाल पानीको सतह एक मिटरको घटाइएको छ, प्राविधिकको सल्लाहअनुसार आवश्यकता हेरेर पानीको सतह घटाउँदै लगिने जनाइएको छ। जलाधार क्षेत्रबाट वर्षेनी बगेर आउने गेग्रानले गर्दा फेवाताल पुरिँदै गएको निष्कर्षसहित फेवाताल संरक्षण अभियानअन्तर्गत पोखरा महानगरपालिका वडा नं २३ खहरे खोलामा सिल्टेसन ड्याम निर्माण गरिएको छ। प्रदेश उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय र पोखरा महानगरले पाँच ठाउँमा बाँध र पोखरीका २८ करोड ९६ लाख रुपैयाँमा निर्माण कम्पनीसँग सम्झौता भई काम भएको हो । महानगरपालिकाले २०७७ सालमा प्रधानमन्त्रीलाई बुझाएको पछिल्लो प्रतिवेदनमा फेवातालको क्षेत्रफल ९५।०८ वर्गकिलोमिटर० १० हजार रोपनी छ।

नेपाल र नेपालीको समुन्नत भविष्य निर्माणको जिम्मा हामी नेपालीकै हो । त्यसैले हामीमा भएको अपार क्षमताको सदुपयोग गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५३२५०८, ०६१–५२०६५१, ०६१–५३७८५७, E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# मृत्युको मुखमा पुगेकी सुत्केरीले नयाँ जीवन पाइन्

– सन्तोष गौतम
म्याग्दी, २ फागुन

माघ २९ गते बिहीबार राति ९:२९ मा सुत्केरी भएकी म्याग्दीको धवलागिरि गाउँपालिका-५ मल्कवाङकी मनकुमारी विश्वकर्माको समयमै साल निस्किएन। चिकित्सकका अनुसार सामान्यतया बच्चा जन्मिएको १० देखि ३० मिनेटभित्र निस्कनुपर्छ।

साल अड्किनुका साथै उनलाई रक्तस्राव पनि भइरहेको थियो। अड्किएको साल र रक्तस्रावले मनकुमारी विक्षिप्त हुनुहुन्थ्यो।

पच्चीस वर्षीया विक सुत्केरी भएको मल्कवाङ स्वास्थ्यचौकीबाट राति १:०० बजे स्वास्थ्य कार्यालय म्याग्दीका प्रमुख एकनारायण लम्सालसँग स्वास्थ्यको जानकारी भयो। लम्सालले तत्कालै मालिका गाउँपालिकाको केन्द्रमा रहेको दरवाङ प्राथमिक स्वास्थ्य केन्द्रका प्रमुख चिकित्सक प्रशान्तसागर यादवलाई फोन गरेर मल्कवाङ जान आग्रह गर्नुभयो। चिकित्सक र स्वास्थ्यकर्मी तयार भए तर राति भएकाले सवारी साधन पाएनन्। केन्द्रमा सवारी साधनको सुविधा छैन। धवलागिरि गाउँपालिकाका अध्यक्ष थमसरा पुनले मालिकाका उपाध्यक्ष खरमाया बिटालुसँग समन्वय गरेर तत्कालै गाडीको व्यवस्थापन गरिदिनुभयो। बीच बाटोमा पर्ने मराङमा मर्मत भइरहेको सडक अवरुद्ध थियो। अध्यक्ष पुनले राति नै मराङका वडाध्यक्ष राजाराम सुवेदी र स्थानीय युवा ईश्वर सुवेदीलाई फोन गरेर राति नै सडक अवरोध हटाउन लगाउनुभयो। मल्कवाङ स्वास्थ्यचौकीका स्वास्थ्यकर्मीले १०:०० बजे नै सिफारिस गरे पनि मनकुमारीका श्रीमान् र परिवारका सदस्यले सामान्यरूपमा लिएर धामी झाँक्री गर्नतर्फ लागेका थिए। स्वास्थ्यचौकीका प्रमुख लेखनाथ गौतम र स्वास्थ्यकर्मी जगदेवी छन्त्यालले सम्झाइबुझाई गरेपछि उनीहरू मनकुमारीलाई दरवाङ लैजान तयार भए। मनकुमारीलाई मल्कवाङबाट मराङ स्वास्थ्यचौकीमा ल्याउने र चिकित्सक पनि दरवाङबाट मराङ पुग्ने योजना बनाएर दुवै टोली गाडीमा हुइँकिए। बिहान साढे ४ बजे मराङ स्वास्थ्यचौकीमा मनकुमारी र दरवाङबाट गएको स्वास्थ्यकर्मीको टोलीको भेट भयो। "बाटोमा जहाँ भेट हुन्छ त्यहीँ उपचार गर्ने योजनासहित औजार, उपकरण तयार पारेर हिँडेका थियौँ। हामीले भेट्दा उहाँको अवस्था ठिक थिएन", चिकित्सक यादवले भन्नुभयो, "बिहान ५.२७ मा अड्किएको साल निकालेर औषधि दिएपछि उहाँको स्वास्थ्यमा सुधार आयो।"

यादवको साथमा अनमी भीमा पुन, दीपा परियार र कार्यालय सहयोगी सम्मप्रसाद सुवेदीको टोली मनकुमारीको उपचारमा खटिनुभएको थियो। शुक्रबार बिहान ७:०० बजे मनकुमारीलाई दरवाङ ल्याइएको थियो। स्वास्थ्यमा सुधार आएपछि शुक्रबार साँझ नै सिफारिस गरिएको अहेव यमन नेपालीले बताउनुभयो।

आमा र बच्चाको अवस्था खतरामुक्त र सामान्य छ। मनकुमारीले नयाँ जीवन पाएको प्रतिक्रिया दिनुभएको छ। "आठ घण्टासम्म छटपटी र पीडा भयो", उहाँले भन्नुभयो, "मैले नयाँ जीवन पाएको महसुस गरेकी छु।" बिहीबार उहाँले जन्माउनुभएका बच्चा पाँचौँ सन्तान हुन्। यसअघि उहाँले जन्माएका चारमध्ये दुई मात्र जीवित छन्। गत वर्ष प्रसूति केन्द्र स्थापना भए पनि त्यहाँ प्रसूति गराउने तालिमप्राप्त स्वास्थ्यकर्मी नभएका कारण अड्किएको साल निकाल्न नसकिएको हो। गर्भ रहेको नौ महिनामा उहाँले सामान्य हिसाबले नै बच्चा जन्माउनुभएको थियो। साल ननिस्कने समस्यालाई चिकित्सक भाषामा रिटेण्ड पेलेसेन्ट र रक्तस्रावलाई पोष्ट पार्टयुम होमोरेन्ज भनिन्छ। अड्किएको साललाई पाठेघरमा इन्फेक्सन गर्ने, रगत जम्ने, सास फेर्न गाह्रो हुने र अन्तमा ज्यानै जानसक्ने खतरा हुन्छ। जुन खतरापूर्ण अवस्थालाई मनकुमारीले जितेर नयाँ जीवन पाउनुभएको हो।

मल्कवाङ स्वास्थ्यचौकीका स्वास्थ्यकर्मीलाई प्रसूति तालिमको व्यवस्थाका साथै मातृशिशु स्वास्थ्यका विषयमा सचेतनामूलक कार्यक्रम चलाउने गाउँपालिकाका अध्यक्ष पुनले बताउनुभयो।

# प्रणय दिवसमा छैन गुलाफको स्थानीय उत्पादन

रासस
काठमाडौं, २ फागुन

पश्चिमा संस्कृति भए पनि त्यसको प्रभाव बढ्दै जाँदा पछिल्लो समय नेपालमा प्रणय दिवस 'भ्यालेनटाइन डे' मनाउने प्रचलन बढ्दै गएको छ।

दिवसमा युवायुवतीको आकर्षण र गुलाफको फूलको माग बढ्दो छ। प्रणय दिवसमा बढी प्रयोग हुने गुलाफ नेपालमा भने निकै कम उत्पादन हुने गरेको छ। बजारको मागअनुसार नेपालमा गुलाफको उत्पादन हुनसकेको छैन। व्यावसायिकरूपमा फूलको खेती गर्ने किसान छन् तर बजारको माग पूरा गर्न सकेका छैनन्।

प्रेम दिवसमा उपहारका रूपमा दिइने गुलाफ फूलको उत्पादन चितवनमा पनि निरन्तर घट्दै गइरहेको छ। समय र तापक्रमको सन्तुलन मिलाउन नसक्दा कुनै बेला राम्रो उत्पादन गर्ने क्षमता बनेको चितवनमा गुलाफ उत्पादन अहिले निरन्तर घटेको हो। फेब्रुअरी १४ को दिन प्रेमी जोडीहरूले एक-अर्कालाई गुलाफ फूल, कार्ड र उपहारस्वरूप विभिन्न सामान आदनप्रदान गर्ने चलन छ। सोही अवसरमा यस दिन चितवनसहित देशभर करोडौँको गुलाफ फूलको कारोबारसमेत हुने गरेको पुष्प व्यवसायीहरूले बताएका छन्।

पुष्प व्यवसायी सङ्घ चितवनका पूर्वअध्यक्ष प्रकाश पन्तले प्रणय दिवसमा चितवनमा गुलाफ फूलको माग निरन्तर बढेको भए पनि उत्पादन भने घटेको बताउनुभयो। उहाँले भन्नुभयो, "अन्य समयमा रु ५० मा बिक्री हुने गुलाफ यस दिन रु १०० मा बिक्री हुने गरेको छ। यसको बिरुवा महङ्गो र उत्पादनमा धेरै नै मेहनत गर्नुपर्ने भएकाले पनि चितवनमा उत्पादन घटेको छ। एउटा बिरुवालाई रु १५० सम्म पर्छ।" गुलाफ फूलको उत्पादन गर्न तापक्रम ३० देखि ३२ डिग्री सेन्टिग्रेडको आवश्यकता पर्छ तर चितवनमा धेरै गर्मी हुने भएकाले यसको उत्पादन चितवनभन्दा पहाडी क्षेत्रमा नै बढी हुने गरेको छ। खुला ठाउँमा खेती गरेको गुलाफ त्यति आकर्षक नदेखिने भएकाले हरितगृहमा खेती गर्दा चितवनमा तापक्रम र प्रकाशको सन्तुलन मिल्न नसकेको व्यवसायी पन्तले जानकारी दिनुभयो। उहाँले चितवनमा व्यावसायिकरूपमा गुलाफको खेती गर्ने किसान नरहेको बताउनुभयो।

अहिले चितवनमा गुलाफ फूलको बढ्दो माग भए पनि सदाबहार फूलको खेतीमा किसान आकर्षित भएको प्राविधिक बताउँछन्। कृषि ज्ञान केन्द्र चितवनका बागवानी प्राविधिक सहायक पुनम पौडेलले चितवनमा पुष्प खेती गर्नेको सङ्ख्या बढ्दै गए पनि गुलाफको खेती भने घट्दै गएको बताउनुभयो। उहाँले भन्नुभयो, "विशेष अवसरमा मात्र गुलाफको बिक्री हुने भएकाले यसको बजार सानो छ। जोगाएर राख्न र उत्पादन गर्न पनि कठिन भएकाले किसानको आकर्षण गुलाफमा छैन।" धेरै किसानको आकर्षण सयपत्री फूलमा देखिएको उहाँले बताउनुभयो।

नेपालमा मागअनुसार गुलाफको उत्पादन हुनसकेको छैन। अन्य स-साना कार्यक्रम र सजावटका लागि नेपालकै उत्पादनले धाने पनि प्रेम दिवसका लागि भने हरेक वर्ष गुलाफको आयात बढ्दै गइरहेको छ। देशभर बजारको मागअनुसार ८० प्रतिशत अर्थात् ९६ हजार स्टिम गुलाफको फूल आयात गर्नुपर्ने व्यवसायीहरूले बताएका छन्।

फेब्रुअरी महिनामा पर्ने प्रेम दिवसको अवसरमा नेपालमा प्रतिकूल मौसम अर्थात् जाडो सिजन हुने भएकाले यहाँ गुलाफको आन्तरिक उत्पादनमा कमी आएको प्राविधिकहरू बताउँछन्। यस वर्षको प्रेम दिवसमा देशभर एकदेखि सवा करोडसम्म फूलको कारोबार हुने पुष्प व्यवसायीको अनुमान छ। गत वर्ष देशभर एक लाख २० हजार स्टिम गुलाफको फूल आयात भएको थियो भने यस वर्ष २४ हजार स्टिम घटेको छ। गत वर्ष प्रतिस्टिम रु ८० देखि १०० को हाराहारीमा दुई लाख स्टिम गुलाफको कारोबार भएको थियो।

नेपालमा गुलाफ फूलको व्यावसायिक खेती मुख्यगरी काठमाडौँ उपत्यकाभित्रको तीन जिल्ला,चितवन,काभ्रेपलाञ्चोकमा हुने गर्छ। चितवनको उत्पादन घटेसँगै धेरै प्रतिशत गुलाफ विदेशबाट ल्याउनुपर्ने बाध्यता छ।

# आलुमा आत्मनिर्भर बन्न खोज्दै ढोरफिर्दी

पोखरापत्र संवाददाता
दमौली, २ फागुन

साविकको ढोरफिर्दी गाविस हालको शुक्लागण्डकी नगरपालिका-८ आलु खेतीमा आत्मनिर्भर बन्ने गरी यस वर्षदेखि आलुखेती थालिएको छ। वडाले ६६७ कृषकलाई अनुदानस्वरुप करीब ३२ हजार किलोग्राम आलुको बीउ वितरण गरेको थियो। पहिलो वर्षमै पाँच लाख किलो आलु उत्पादन भएको वडाले जनाएको छ। पहिलो वर्षमै आलु उत्पादनमा राम्रो भएपछि यहाँका कृषक उत्साहित भएको वडाध्यक्ष कृष्णप्रसाद रेग्मीले जानकारी दिनुभयो।

आफ्नो वडाभित्रका कृषकलाई आलु खेतीमा प्रोत्साहन गरेर आत्मनिर्भर बन्ने अभियानमा यस वडा अघि बढेको छ। उहाँले भन्नुभयो, "कृषकलाई आलुको बीउ र औषधिमा अनुदानको व्यवस्था गर्दै आएका छौ।"

"आलुखेतीको लागि पकेट क्षेत्रको रुपमा यस वडालाई लिने गरिएको छ। आलुखेती गर्ने कृषकलाई अवलोकन भ्रमण, तालीमलगायतका कार्यहरुमा विशेष चासो राखेर कार्य गर्दै आईरहेको छौ।" उहाँले भन्नुभयो। आलु खेतीबाट राम्रै आम्दानी हुने देखेपछि त्यस क्षेत्रका कृषक आलुखेती तर्फ आकर्षित भएका छन्। एकनाइस जनाको समूह मिलेर दुई सय किलो आलु लगाउँदा करीब एक हजार ८०० किलो आलु उत्पादन भएको नवीन टोल समूहकी अध्यक्ष धनमाया आलेले जानकारी दिनुभयो।

"उत्पादित आलु समूहमा वितरण गर्दा प्रतिव्यक्ति ८० देखी ८५ किलोसम्म भागमा पऱ्यो"। उहाँले भन्नुभयो, "वडाले कृषकका लागि गर्नुपर्ने कार्यमा कुनैपनि कन्जुगाई गरिएको छैन्।" सामूहिक रुपमा आलुखेती गर्दा रमाइलो अनुभूति भएको उहाँ बताउनुहुन्छ। समूहमा काम गर्दा सिक्ने अवसर धेरै मिल्दो रहेछ, उहाँले भन्नुभयो, "जानेकाले नजानेकालाई सिकाइने हुँदा प्रभावकारी हुदोरहेछ।"

उहाँले आलु उत्पादन गर्ने वडाभरिका कृषकलाई स्याङ्जाको गल्याङमा गरिएको आलुखेतीको अवलोकन भ्रमण पश्चात् आफुहरु प्रभावित भएको उहाँले बताउनुभयो। विगतका वर्षमा रातो र निलो आलु लगाउँदा निलो आलु राम्रो उत्पादन भए पनि यस वर्ष भने रातो आलु बढी मात्रामा उत्पादन भएको अर्का कृषक सपना राना मगरले बताउनुभयो।

सामूहिक खेतीमा संलग्न भएकी उहाँ यसअघि खेती गर्दा आलु खनेर ल्याउदा राम्रो नै रहेपनि पछि कुहिने समस्याले जोगाउन कठिन भएको बताउनुहुन्छ। यसवर्ष आलुमो कुनै किसिमको समस्या नदेखिएको लामो समयसम्म जोगाउन सकिन्छ कि भन्ने विश्वास लागेको उहाँले बताउनुभयो।

आलु लगाएदेखि पानी नपरेका कारण अपेक्षाअनुरुप उत्पादन हुन नसकेको आलुखेती गरेका कृषकको गुनासो रहेको छ। सिँचाइ भएको भए आलु उत्पादन अझ वृद्धि हुनेमा कृषक विश्वस्त थिए। यस वर्ष आफ्नो खेतमा करीब १५० किलो आलु लगाउदा करीब ९०० किलो आलु उत्पादन भएको कृषक रामबहादुर बानियाँले बताउनुभयो।

वडामा खेतीयोग्य जमीन प्रशस्त रहेकाले वडाले सिँचाइको व्यवस्था गरी दिएखेतीको लागि अझ सहज वातावरण हुने कृषक बानियाँ बताउनुहुन्छ। आगामी वर्ष आलु उत्पादनमा वृद्धि गर्ने लक्ष्यसहित कृषक उत्साहित भएर लागेको वडाध्यक्ष रेग्मीले बताउनुभयो। उक्त वडाको लालिमफाँट, फिर्दीफाँट र दहरेफाँट आलुखेतीको लागि प्रख्यात मानिन्छन्।

# फेरि बल्यो मनाङको जङ्गलमा आगो

पोखरापत्र संवाददाता
मनाङ, २ फागुन

हिउँ पग्लिन नपाउँदै मनाङका जङ्गलमा आगलागी भएको छ। मनाङ डिस्याङ गाउँपालिका-२ घ्यारुस्थित मुखुङ सामुदायिक वनमा भएको आगलागी अझै निभेको छैन। माघ २९ गतेदेखि लागेको आगो ननिभ्दा स्थानीयवासी चिन्तित भएका छन्।

भिरालो वनमा आगो लागेकाले नियन्त्रण गर्न कठिन भएको सशस्त्र प्रहरी बलका प्रहरी नायब उपरीक्षक होमनाथ पन्थीले बताउनुभयो। मानव बस्तीभन्दा दुई घण्टा टाढाको दूरीमा आगलागी भएको उहाँको भनाइ छ। आगलागीबाट कुनै मानवीय तथा पशुचौपायमा क्षति नपुगेको तथा स्थानीयवासी, नेपाल प्रहरी, सशस्त्र प्रहरी अनि नेपाली सेनाको संयुक्त टोलीले आगो निभाउने गरिरहेको छ। "हामीले हाम्रोतर्फबाट प्रयास गरिरहेका छौँ", मनाङका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद लामिछानेले भन्नुभयो। उहाँले अन्नपूर्ण संरक्षण क्षेत्रअन्तर्गतका वन जलिरहँदा खोज अनुसन्धान प्रक्रियामा ढिलाइ गरेको आरोपसमेत लगाउनुभयो।

मनाङमा भएका आगलागीमा अन्नपूर्ण संरक्षण क्षेत्रअन्तर्गतका वन परेको तथा यसको जिम्मेवारी एक्यापले लिनुपर्नेमा छिटो तथा तदारुकताका साथ नभएको स्थानीयवासीको आरोप छ।

"जङ्गल जलिरहेको छ, हाम्रा कर्मचारी र स्थानीयवासी परिचालन भएका छन्, अनुसन्धानको दायरा कसिलो बनाएका छौँ, कसरी आगो लाग्यो भन्ने कुरा अझै पत्ता लगाउन सकेका छैनौँ", अन्नपूर्ण संरक्षण क्षेत्रका मनाङ प्रमुख लेखनाथ गौतमले भन्नुभयो। उहाँले स्थानीयवासीले मुख नखोल्दा आगलागीको कारण तथा व्यक्ति पत्ता लगाउन र अनुसन्धान गर्न कठिन भएको बताउनुभयो।

यसभन्दा अघि पनि दुई पटकसम्म मनाङको विभिन्न जङ्गलमा आगलागी भएको थियो। आगलागीको कारण अझैसम्म पत्ता लाग्न सकेको छैन। कसले र किन पटक-पटक मनाङका जङ्गलमा आगो लगाएको हो भन्नेबारे अन्योल भएको छ। यसरी बारम्बार यस्ता गतिविधि दोहोरिरहँदा हिमाली जडीबुटी र लोपोन्मुख जनावरको विनाश भएको स्थानीयवासीको भनाइ छ।

# तीन पूर्वाधारमा रु १५ करोड साझेदारी

पोखरापत्र संवाददाता
बागलुङ, २ फागुन

पर्यटन पूर्वाधार तथा पर्यटन उपजको विकास र प्रवर्द्धन गर्न पर्यटन तथा नागरिक उड्यन मन्त्रालयले बागलुङका तीन योजनामा सझेदारी गर्ने भएको छ। सोका लागि झण्डै रु १५ करोड २१ लाख बजेट विनियोजन गरिएको छ।

पूर्वाधार निर्माण तथा पर्यटन उपज विकास साझेदारी निर्देशिका २०७७ अनुसार साझेदारीमा ती आयोजना सञ्चालन हुनेछन्। प्रदेश र स्थानीय तहसँग लागत साझेदारीमा पर्यटकीय गन्तव्य पूर्वाधार विकास कार्यक्रमअन्तर्गत मन्त्रालयको गत माघ २९ गतेको मन्त्रिस्तरिय बैठकले आयोजनाको छनोट तथा बजेट विनियोजन गरेको हो।

गण्डकी प्रदेशमा सबैभन्दा धेरै योजना बागलुङ र गोरखामा सञ्चालन हुनेछन्। यी जिल्लामा तीन/तीन योजना छनोट भएका मन्त्रालयले सूचनामार्फत जानकारी गराएको छ। बागलुङ नगरपालिका- ५ र ६ को मालिका सामुदायिक वन क्षेत्रमा वन्यजन्तु संरक्षण तथा पर्यटन प्रबर्द्धन आयोजना सञ्चालन हुने भएको छ। रु पाँच करोड ६५ लाखको योजनामा तीन करोड ६५ लाख मन्त्रालयले र रु एक करोड ९६ लाख नगरपालिकाले साझेदारी गर्ने नगर प्रमुख जनकराज पौडेलले बताउनुभयो।

गलकोट नगरपालिकामा गलकोट टेउवा मूर्तिकला सङ्ग्रहालय निर्माण तथा घुम्टेसम्म सडक पहुँच विस्तारको योजना छनोट भएको छ। दुई वर्षमा सकिने रु सात करोडको लागतको यो योजनाका लागि मन्त्रालयको चार करोड ५५ लाख अनुदान र नगरपालिकाको रु दुई करोड ४५ लाख साझेदारी रहने छ।

ताराखोला गाउँपालिकामा सांस्कृतिक सङ्ग्रहालय निर्माणका लागि बजेट विनियोजन गरिएको छ। रु दुई करोड ६६ लाखको योजनाका लागि रु एक करोड ८६ लाख मन्त्रालय र रु ८० लाख गाउँपालिकाले साझेदारी गर्नेछन्।

# पश्चिमी वायुको प्रभावले वर्षाको सम्भावना

रासस
काठमाडौं, २ फागुन

केही दिनदेखि फेरबदल भइरहेको तापक्रमसँगै पश्चिमी वायुको प्रभावले देशभर आंशिकदेखि सामान्य बदली रहेको छ।

उक्त मौसमी प्रणालीको प्रभावले आइतबार अपराह्न उच्च पहाडी भेगमा थोरै क्षेत्रमा हल्का हिमपात तथा पहाडी भूभागका एक/दुई स्थानमा हल्का वर्षा हुने जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। महाशाखाको पछिल्लो मौसमी विवरणअनुसार हाल देशको सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश, लुम्बिनी प्रदेश, बाग्मती प्रदेश र प्रदेश १ का केही भूभागमा आंशिकदेखि सामान्य बदली र अन्य पहाडी भू-भागमा आंशिक बदली रहेको छ भने बाँकी भू-भागमा मौसम सामान्यतया सफा रहेको छ। तराईका केही भागमा हुस्सु/कुहिरो लागेको छ।

महाशाखाका मौसमविद् शान्ति कँडेलले पश्चिमी वायुको प्रभाव आगामी बुधबारसम्म कायम रहने जानकारी दिनुभयो। विगत दुई दिनदेखि मौसममा आइरहेको फेरबदलका बाबजुद अहिले पश्चिमी वायु सक्रिय रहेकाले प्रदेश पूर्वदेखि पश्चिमी उच्च पहाडी भेग तथा हिमाली क्षेत्रमा हल्का हिमपातको सम्भावना रहेको छ। मौसम बदली भए पनि थोरै स्थानमा मात्र हल्का वर्षाको सम्भावना रहेको मौसमविद् कँडेलको भनाइ छ।

महाशाखाले जारी गरेको आगामी तीन दिनको मौसम पूर्वानुमान बुलेटिनमा आइतबार दिउँसो देशभर आंशिकदेखि सामान्य बदली रही उच्च पहाडी तथा हिमाली भू-भागमा थोरै स्थानमा हल्का हिमपातको हुनेछ। उच्च पहाडी भेगमा थोरै क्षेत्रमा हल्का हिमपात तथा पहाडी भू-भागका एक/दुई स्थानमा हल्का वर्षा हुनेछ। रातिको समयमा पनि देशभर आंशिकदेखि सामान्य बदली रही उच्च पहाडी तथा हिमाली भेगका थोरै स्थानमा हल्का हिमपात तथा पहाडी भू-भागका एक/दुई स्थानमा हल्का वर्षा हुने जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। प्रदेश नं १, सुदूरपश्चिम प्रदेश र गण्डकी प्रदेशका पहाडी भू-भागका एक दुई स्थानमा हल्का वर्षा हुने सम्भावना छ। मङ्गलबार प्रदेश नं १ मा आंशिकदेखि सामान्य बदली रही बाँकी पहाडी भू-भागका धेरैजसो स्थानमा आंशिक बदलीको सम्भावना रहेको छ।

उच्च पहाडी तथा हिमाली भेगका एक दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेको छ। प्रदेश नं १ गण्डकी प्रदेशका पहाडी भू-भागका एक दुई स्थानमा हल्का वर्षा हुने सम्भावना रहेको छ। महाशाखाको पछिल्लो विवरणअनुसार आज काठमाडौँको न्यूनतम आठ र अधिकतम तापक्रम २१ दशमलव दुई डिग्री सेल्सियस रहेको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ८ जल्पारोड शाखा भित्री बाटो निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : जल्पारोड शाखा भित्री बाटो निर्माण
स्थानः पोमनपा वडा नं. ८
योजना सम्झौता मिति : २०७७/०८/२२ गते
योजना सुरु मिति :२०७७/०८/२४ गते
योजना सम्पन्न मिति : २०७७/१०/३० गते
योजनाको कुल लागत : रु. ८,०५,५३१/-
महानगरपालिकाबाट प्राप्त रकम : रु. ४,०२७३९/-
उपभोक्तावाट : रु. ४,०२७६९/-

ज्ञान बहादुर नेपाली- अध्यक्ष
गंगा परियार- उपाध्यक्ष
सुरेस श्रेष्ठ- सचिव
छिरिङ पेम्पा गुरुङ- कोषाध्यक्ष
कृष्ण कुमारी गुरुङ- सदस्य
किशोर गोतामे - सदस्य
सुमित्रा नेपाली- सदस्य

अनुगमन समिति
संयोजकः सोमनाथ बराल
सदस्यः किसान गिरी
सदस्यः हिरामणी पण्डित

जल्पारोड शाखा भित्री बाटो निर्माण उपभोक्ता समिति
पोखरा महानगरपालिक-८